नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०७७/०७८

चलानी नं.:- ९६६

मिति २०७७।०८।१६

श्री जिल्ला समन्वय समिति, (सबै)

श्री गाउँपालिका, (सबै)

श्री नगरपालिका, (सबै)

**विषयः सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण सम्बन्धमा।**

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा "गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति; आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति; ढल, नाला, पुल, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो र सडकका दायाँ बायाँका रुख; आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बगैचा, बसपार्क वा अन्य संरचना; राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन; संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारले तोकी दिएको प्राकृतिक सम्पदा तथा क्षेत्र जस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार गर्नुपर्ने' दायित्व रहेको छ। त्यसैगरी यस्ता सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाउने र आफ्नो नाममा रहेको अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति नलिई बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न नपाउने" समेत व्यवस्था रहेको व्यहोरा अवगतै नै छ। कुनै सरकारी जग्गा दर्ता तथा लिजमा लिनु परेमा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ।स्थानीय तहले वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानून अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारले गरेको निर्णयबाटमात्र हुने व्यवस्था रहेको छ। साथै स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्था पालना गर्नुपर्ने व्यवस्था रहेको छ।

प्रस्तुत सन्दर्भमा, स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने सम्बन्धमा उपर्युक्त कानूनी व्यवस्था बाहेक अन्य व्यवस्था रहेको देखिदैन।यसर्थ उल्लिखित कानूनी व्यवस्था वाहेक अन्य प्रक्रियाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण, बेचबि खन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानून विपरित हुने भएकोले यस्ता कार्य नगर्नु नगराउनु हुन एवम् उल्लिखित कानूनी प्रक्रिया अवलम्बन नगरी हक हस्तान्तरण वा उपयोग गर्ने गरी भएको निर्णय कार्यान्वयन नगर्न नगराउनु हुन (मा. मन्त्रीस्तर), मिति २०७७।०८।१६ को निर्णयानुसार अनुरोध छ।

बसन्त अधिकारी
सहसचिव

**बोधार्थ**

श्री सूचना तथा प्रविधि शाखाः

पत्र सबै स्थानीय तहमा इमेल मार्फत जानकारी हुन।